पत्र संख्या : २०७३/७४ - ११
चलानी नं. : ४३

CDS and Clearing Ltd.

मिति : २०७३/०५/१४

**विषय : निर्देशन पूर्जीको सम्बन्धमा जारी गरिएको परिपत्र ।**

(परिपत्र नं.: ०२/आ.व.२०७३/७४)

विगत केही समय देखि विभिन्न राफसाफ सदस्य (सदस्य दलाल), हितग्राही तथा सरोकारवाला व्यक्तिहरुबाट विभिन्न निक्षेप सदस्यहरुले समयमा नै निजहरुबाट प्राप्त निर्देशन पूर्जी (DIS Slip) लिएता पनि राफसाफ तथा फछ्यौंट समयसम्म पनि राफसाफ सदस्यहरुको खातामा सेयर हस्तान्तरण नगरिएको जानकारी प्राप्त भईरहेको र निक्षेप सदस्यहरुको लापरवाहीको कारणले गर्दा ग्राहकहरुले निर्देशन पूर्जी समयमा नै बुझाउँदा पनि अनावश्यक रुपमा क्लोज आउटमा परी कारबाहीको भागेदार भएको भनी गुनासोहरु प्राप्त भएकोमा यस लि. को गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ यस प्रकारको समस्या भविष्यमा पुनः नदोहोरिनको लागि सम्पूर्ण निक्षेप सदस्यहरुलाई तपशिल बमोजिमका प्रकृयाहरु अवलम्बन गर्नु हुन जानकारी गराईन्छ ।

**तपशिल :**

- धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९ को विनियम २१ को उपविनियम (१) र (२) अनुसार बिक्रीकर्ता राफसाफ सदस्यको खातामा सेयर नपुग भएको खण्डमा उक्त सेयर कारोबार मूल्यको २०% ले हुन आउने रकम बिक्रीकर्ता राफसाफ सदस्यको खाताबाट कटाई खरिदकर्ता राफसाफ सदस्यको खातामा हस्तान्तरण हुने व्यवस्था रहेको हुँदा प्रत्येक निक्षेप सदस्यले आफू कहाँ प्राप्त भएको निर्देशन पूर्जी तुरुन्तै केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टी गर्ने,
- निक्षेप सदस्यहरुले तुरुन्तै केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टी गर्न नसकेको अवस्थामा सो निर्देशन पूर्जी बुझिलिएको निस्सा (Receipt) अनुसूची १ को ढाँचामा रहेको सम्पूर्ण विवरण सम्बन्धित हितग्राही वा राफसाफ सदस्यलाई भर्न लगाई निक्षेप सदस्यले प्राप्त गरेको मिति, समय र प्राप्त गर्ने आधिकारिक कर्मचारीको नाम तथा हस्ताक्षर र कम्पनीको छाप लगाई एक प्रति सम्बन्धित निक्षेप सदस्यले अभिलेख गर्ने र एक प्रति सम्बन्धित हितग्राही वा राफसाफ सदस्यलाई दिने,
- राफसाफ सदस्य (सदस्य दलाल) तथा सम्बन्धित हितग्राहीले कुनै कारोबारको निर्देशन पूर्जी (DIS Slip) कारोबार भएको ढिलोमा २ (दुई) कार्य दिन (T+2) को अपरान्ह १२:०० बजेभित्र निक्षेप सदस्यलाई बुझाउनु पर्ने ।

माथि उल्लेखित बुदाँहरुमा विशेष ध्यान पुऱ्याई कार्य गर्नु हुन सम्पूर्ण निक्षेप सदस्यहरुलाई यसै परिपत्रद्धारा अनुरोध गरिन्छ । साथै हितग्राहीको हितलाई मध्यनजर गर्दै कुनै निक्षेप सदस्यको लापरवाहीको कारणले कुनै ग्राहक क्लोज आउटको कारबाही परेको खण्डमा सो को सम्पूर्ण क्षतिपूर्ति सम्बन्धित निक्षेप सदस्यले व्यहोर्नु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

.....................................
देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

CDS and Clearing Ltd.

अनुसूची १ (Annex 1)

**निक्षेप सदस्यको नाम (DP Name)**

## DIS को निस्साको ढाँचा (Format of DIS Receipt)

मिति (Date) : ☐☐ ☐☐ ☐☐☐☐

**DIS को विवरण (Details of DIS )**

| क.सं. (S.No.) | DIS नं. (DIS No.) | शेयर संख्या (Share Quantity) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

DIS बुझाउने (DIS Submitted By):

नाम (Name):

हस्ताक्षर (Signature):

**Official Use Only**

बुझिलिने (Received By):

आधिकारिक कर्मचारी (Name of Official):

हस्ताक्षर (Signature):

प्राप्त गरेको मिति (Received Date):

प्राप्त गरेको समय (Received Time):

कम्पनीको छाप (Office Stamp):